**मध्यपश्चिम विश्वविद्यालय**

# परीक्षा व्यवस्थापन कार्यालय

**सुर्खेत, नेपाल**

**सत्रान्त परीक्षा - २०८२**

**बी.एड./तेस्रो सेमेस्टर**

विषय: सामान्य भाषाविज्ञान (नेपा.शि. ४३३/३३३)

---

सिम्बोल नं. ...........................

**समूह 'क'** **१०x१= १०**

**सर्वोत्कृष्ट उत्तरमा रेजा (✓) चिन्ह लगाउनुहोस् ।**

१. भाषामा ध्वनि र रूप स्तरको संरचना हुने गर्दछ भन्ने विशेषता कुन हो ?
(क) व्यवस्थितता (ख) परिवर्तनशीलता
(ग) संरचनात्मक द्वैतता (ग) सामाजिकता

२. स्तरीयताका आधारमा भाषा कति प्रकारका हुन्छन् ?
(क) दुई (ख) तीन
(ग) चार (घ) पाँच

३. भाषाविज्ञानलाई भाषाको वैज्ञानिक अध्ययन भनेर परिभाषित गर्ने को हुन् ?
(क) ब्लुमफिल्ड (ख) जोन लायन्स
(ग) चुडामणि वन्धु (घ) भोलानाथ तिवारी

४. जिब्रोको उचाइका आधारमा उच्च स्वर कुन कुन हुन् ?
(क) इ, ओ (ख) ए, ओ
(ग) इ, उ (घ) अ, उ

५. तलका मध्ये दन्त्यस्पर्शी व्यञ्जन ध्वनि कुन हो ?
(क) प, फ (ख) त्, थ्,
(ग) क्, ख्, (घ) ट्, ठ्

६. संवर्ण निर्धारण गर्ने सिद्धान्त कुन हो ?
(क) मुक्त परिवर्तन (ख) परिपूरक वितरण
(ग) व्यतिरेकी विश्लेपण (घ) मितव्ययिताको सिद्धान्त

७. 'सगरमाथा' शब्दमा कति वटा अक्षर छन् ?
(क) पाँच (ख) चार
(ग) तीन (घ) दुई

८. तलका मध्ये आधारभूत वाक्य कुन हो ?
(क) पवन क्याम्पस गयो । (ख) पवन क्याम्पस जाला ।
(ग) पवन क्याम्पस जादैन । (घ) पवनद्वारा क्याम्पस गइदैन ।

९. तलका मध्ये अनेकार्थी शब्द कुन हो ?
(क) सिता (ख) नयन
(ग) मास (घ) भवन

१०. 'रात्री' शब्दको पर्यायवाची शब्द कुन हो ?
(क) रजनी (ख) अंशु
(ग) सोम (घ) रोष

मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

सत्रान्त परीक्षा - २०८२

**बी.एड./तेस्रो सेमेस्टर** **पूर्णाङ्क: ६०**

**समय: ३ घण्टा** **उत्तीर्णाङ्क: ३०**

विषय: सामान्य भाषाविज्ञान (नेपा.शि. ४३३/३३३)

---

*परीक्षार्थीहरूले सकेसम्म मौलिक र आफ्नै शब्दमा प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।*

**समूह 'ख'** **६x५= ३०**

**तल दिइएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् ।**

१. भाषा मानवीय वस्तु हो । पुष्टि गर्नुहोस् ।

२. स्तरीय र सामान्य भाषाको तुलना गर्नुहोस् ।

३. भाषाविज्ञानको परिचय दिई यसका विशेपताहरूको सूची तयार गर्नुहोस् ।

**अथवा**

भाषाविज्ञानका केन्द्रीय र परिधीय क्षेत्रहरूको परिचय दिनुहोस् ।

४. जिब्रोको सक्रियता र उचाइका आधारमा स्वर ध्वनिको वर्णन गर्नुहोस् ।

५. घोषत्व र प्राणत्वका आधारमा व्यञ्जन ध्वनिहरूको वर्गीकरण गर्नुहोस् ।

६. पदसङ्गति भनेको के हो ? सोदाहरण स्पष्ट पार्नुहोस् ।

**अथवा**

वाक्यका प्रकारहरूको परिचय दिनुहोस् ।

**समूह 'ग'** **२x१०= २०**

**तल दिइएका प्रश्नहरूको लामो उत्तर दिनुहोस् ।**

७. स्वनिम सिद्धान्त (वर्ण विश्लेषणका सिद्धान्त) को उदाहरणसहित वर्णन गर्नुहोस् ।

८. अर्थको परिचय दिई यसका प्रकारहरूको व्याख्या गर्नुहोस् ।

**अथवा**

शब्द व्युत्पादनका प्रक्रियाको वर्णन गर्नुहोस् ।

***समाप्त***